कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)

Federation of Computer Association Nepal (CAN Federation)

POBox: 4982, Khusibu, Kathmandu, Nepal, Tel.: 977 1 4381070, 4382090

E-mail: info@can.org.np, URL: www.can.org.np

~~ प्रेस विज्ञप्ति ~~

## क्यान इन्फोटेकको २७ औं संस्करण २०७९ साल वैशाख ७ देखि १२ गतेसम्म हुने

IMEpay

CAN Info-Tech 2022

27th Nepal Information, Technology, Entertainment Show & Conference

in association with SCT SMART QR

20-25 April, 2022 (२०७९ साल वैशाख ७ गतेदेखि १२ गतेसम्म)

Bhrikuti Mandap, Exhibition Road, Kathmandu (भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठमाडौं)

सूचना तथा संचार प्रविधि क्षेत्रमा विकास भएका नयाँ-नयाँ प्रविधि प्रदर्शनी तथा यस क्षेत्रको विकासका लागि आवश्यक रणनीति निर्माणका निम्ति सार्थक अन्तरक्रिया गर्ने उद्देश्यले सन १९९५ देखि बर्षेनी आयोजना हुदैं आएको क्यान इन्फोटेकको २७ औं संस्करण मिति २०७९ साल वैशाख ७ गते बुधवार देखि १२ गते सोमवारसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने भएको छ ।

यसअघि क्यान इन्फोटेकको २७ औं संस्करण २०७८ साल बैसाख २८ गतेदेखि जेठ २ गतेसम्म पहिलो पटक र २०७८ साल माघ १८ गते देखि २३ गतेसम्म दोश्रो पटक हुने गरी संपुर्ण तयारी गरिसकिएकोमा कोभिड-१९ को लहर, काठमाडौं उपत्यका लगायत देशका प्रमुख शहरहरुमा व्यापकरुपमा फैलिएको संक्रमण, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) का पछिल्ला सिफारिस तथा निर्णयहरु, नेपाल सरकार गृह मन्त्रालय एवं काठमाडौं उपत्यका अन्तर्गतका जिल्ला प्रशासन कार्यालय लगायत कोभिड नियन्त्रण सम्बन्धी नेपाल सरकारका पछिल्ला निर्णयहरुलाई ध्यानमा राख्दै क्यान इन्फोटेकका प्रायोजक, प्रदर्शनीकर्ता, सहयोगी तथा सरोकारवालाहरुसंगको परामर्शमा अर्को निर्णय नभएसम्मको लागि स्थगित गरिएको थियो ।

POBox: 4982, Khusibu, Kathmandu, Nepal, Tel.: 977 1 4381070, 4382090
E-mail: info@can.org.np, URL: www.can.org.np

२७ औं क्यान इन्फोटेकको शिर्ष प्रायोजन आईएमई पे र सह प्रायोजन स्मार्टच्वाइस टेक्नोलोजिज (एससिटी स्मार्ट क्यू आर) रहेका छन । यसैगरी आईएमई पे क्यान इन्फोटेक २०२२ इन एशोसिएसन विथ एससिटी स्मार्ट क्यू आर (IME Pay CAN InfoTech 2022 in association with SCT Smart QR) को प्लाटिनम प्रायोजन - वल्डलिंक कम्युनिकेशन्स; गोल्ड प्रायोजन - नेपाल टेलिकम, जेनेरेशन नेक्स्ट कम्युनिकेशन्स र सागर ग्रुप अफ कम्पनिज; सिल्भर प्रायोजन - नमस्ते पे, एस-पावर, ब्रोडवे इन्फोसिस नेपाल र डिजिकम रहने छन् ।

सफ्टवारिका कलेज अफ आईटी एण्ड इकमर्स - आईएमई पे क्यान इन्फोटेक २०२२ इन एशोसिएसन विथ एससिटी स्मार्ट क्यू आर (IME Pay CAN InfoTech 2022 in association with SCT Smart QR) को इन्नोभेसन पार्टनर रहेको छ भने सनवे इन्टर्नेशनल विजनेश स्कुल - एकाडेमिक पार्टनर, दराज केमु - इकमर्श पार्टनर, रेबान - फुड एण्ड वेभरेज पार्टनर, मण्डला सिस्टम - भर्चुवल एक्जिविसन पार्टनर तथा अल्ट्रा एलईडी - डीजिटल डीस्प्ले पार्टनर रहेका छन् ।

इन्फोटेक भब्य एवं सफल रुपमा आयोजना हुन देशभित्रबाट नेपाल सरकार - सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, सुबिसु केबलनेट र भायानेट कम्युनिकेशन्स, नेपाल मोबाइल वितरक संघ तथा अन्तरराष्ट्रिय रुपमा असोसियो (Asian-Oceanian Computing Industry Organization) र विट्सा (World Innovation Technology and Services Alliance) को पनि सहयोग रहने छ ।

क्यान इन्फोटेकको २७ औं संस्करण सफलतापुर्वक आयोजना गर्न यस अघि सहयोग पुरयाउनुहुने सबैमा हार्दिक आभार तथा धन्यवाद ब्यक्त गर्दै आगामी वैशाखमा आयोजना हुने क्यान इन्फोटेक २०२२ मा सहयोग एवं सहभागिताको निम्ति क्यान महासंघ सबैसंग हार्दिक अनुरोध गर्दछ ।

धन्यवाद ।


……………….
नारायण थापा
महासचिव
मितिः २०७८ फाल्गुण १० गते मंगलवार